# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ६)    संख्याः २    मितिः असोज १४ गते २०७९


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गाउँपालिका स्तरीय बाली उपचार शिविर संचालन कार्यविधि- २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा-११ (ट) मा व्यवस्था भए बमोजिम यस यशोधरा गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका कृषकहरुले लगाएका बाली बस्तुमा रोग किरा व्यवस्थापन तथा कृषकहरुमा जागरुकता बढाउन यो बाली उपचार शिबिर संचालन कार्यबिधि २०७९ यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०६/१२ गतेका दिन बसेको बैठकको निर्णयबाट पारित भएकोले बाली उपचार शिविर संचालन कार्यबिधि २०७९ यस गाउँपालिकाको कार्यक्षेत्र भित्र लागु हुने छ ।

### १ प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः

- यो कार्यविधिको नाम गाउँपालिका स्तरीय बाली उपचार शिविर संचालन कार्यबिधि २०७९ रहेको छ ।
- यो कार्यविधि यशोधरा गाउँपालिका गाउँकार्यपालिका वाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि अनुसार :

२.१ **"कार्यालय"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.२ **"कृषि विकास शाखा"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ

२.३ **"कार्यविधि"** भन्नाले, गाउँपालिका स्तरीय **बाली उपचार शिविर संचालन कार्यबिधि २०७९**

रहेको छ।

**३ उद्देश्य :** यस कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ कृषकहरुले लगाएको बाली बस्तुहरुलाई रोग किराबाट बचाउन सहयोग पुग्ने।

३.२ कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने।

३.३ कृषकहरुले लगाएको बाली बस्तुको उत्पादनमा बृद्धि हुने।

३.४ सुरक्षित बिषादीको प्रयोगमा सहयोग पुग्ने।

३.५ मानव स्वाथ्य तथा वाताबरण मैत्री हुन सक्ने।

**४ कार्य संचालन र प्रक्रियाः**

४.१ गाउँपालिका स्तरीय बाली उपचार शिविर संचालन कार्यबिधि २०७९ अन्तर्गत कृषकहरुले लगाएको बाली बस्तुको स्थलगत रुपमा १ दिने उक्त बाली उपचार शिविर संचालन गरिने छ।

४.२ बाली उपचार शिविर संचालन गर्न कृषि पेशामा संलग्न कृषकहरुको सहभागिता हुनु पर्ने छ।

४.३ बाली उपचार शिविर संचालन गर्ने क्रममा कृषकहरुले ल्याएको बाली बस्तुको अवस्था हेरेर आवश्यक बिषादी एवं प्राबिधिक सर सल्लाह निःशुल्क दिइने छ।

४.४ बाली उपचार शिविर संचालन हुनु पूर्व संचालन गर्ने ठाउँमा व्यापक रुपमा प्रचार प्रसार हुनुपर्ने।

४.५ बाली उपचार शिविर संचालन गर्दा सम्बन्धीत ठाउँको वडा कार्यालयको समन्वयमा गर्नु पर्ने छ।

### ५ बाली उपचार शिविर संचालन कार्यबिधि २०७९ को आर्थिक पक्ष

| क्र. सं. | कार्यक्रमको विवरण | ईकाई | परिणाम | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिविर संचालन व्यानर | थान | १ | १,०००।- | १ | १,०००।- |
| २ | अनुगमन /बिषय बिशेषज्ञ/प्राबिधिक भत्ता | जना | १० | १,०००।- | १ | १०,०००।- |
| ३ | सहयोगी | जना | १ | ५००।- | १ | ५,०० ।- |
| ४ | शिविर संचालनमा बिषादी खरिद( रोगनाशक,किट नाशक,शुक्ष्मतत्व) | पटक | १ | अनुमानित | १ | ३४,५००। |
| ५ | चिया नास्ता | एकमुष्ट | १ | १५० ।- | १ | ३,००० ।- |
| ६ | प्रतिबेदन | पटक | १ | १०००। | १ | १०००। |
| | जम्मा | | | | | ५०,०००। |

### ६ बाली उपचार शिविर संचालन गर्दा आवश्यक बिषादी खरीद प्रकृया

यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुले कृषि बिकास शाखा संग समन्वय गरी प्रचलित कानुन बमोजिम कृषि सामाग्री /बिषादी यस गाउँपालिकामा सूचीकृत गरेका फार्म/कम्पनीहरु बाट खरिद प्रकृया गर्नु पर्ने छ।

### ७ थपघट वा हेरफेर गर्न सक्ने

७.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

७.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ।

७.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,

नामः तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत